# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

कोशी प्रदेश कार्यालय, विराटनगर

## प्रेस-नोट

१५ साउन, २०८३

### प्रदेश कार्यालयको वार्षिक गतिविधि प्रतिवेदन प्रदेश प्रमुखज्यूसमक्ष पेश

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले आर्थिक वर्ष २०८२/८३ को वार्षिक गतिविधि प्रतिवेदन कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गसमक्ष पेश गरेको छ । प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेशको सभाहलमा भएको कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मनोज दुवाडीले कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गसमक्ष उक्त प्रतिवेदन पेश गर्नुभएको हो । प्रतिवेदनमा आयोगको कोशी प्रदेश कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा प्राप्त भएका उजुरी, सम्पन्न गरिएका अनुसन्धानहरू, अनुगमन विवरण, मानव अधिकार प्रवर्द्धनको क्षेत्रमा गरिएका अन्तर्क्रिया, अभिमुखीकरण तथा कोशी प्रदेशमा विभिन्न विषयगत मानव अधिकारको अवस्थालाई प्रस्तुत गरिएको छ । कार्यक्रममा नागरिक समाज, सञ्चारकर्मी, प्रदेश प्रमुखको कार्यालयका कर्मचारीहरू तथा आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

वार्षिक गतिविधि ग्रहण सार्वजनिक गर्दै कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गज्यूले मानव अधिकारको संरक्षण र सवर्धनको मूल भूमिकामा रही आयोगले अगुवाइ गरिरहेको तथा यस कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहको समन्वयकारी भूमिका रहनुपर्नेमा जोड दिनुभयो । आयोगका माननीय सदस्य मनोज दुवाडीले विज्ञान र प्रविधिको विकाससँगै मानव अधिकारका नवीनतम चुनौतीहरुको समेत विकास भएको र यस्ता चुनौतीहरुको सम्बोधन गर्न विभिन्न पक्षहरुसँग सहकार्य गर्न जरुरी रहेको बताउनुभयो । कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव वीर बहादुर बुढा मगरले कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सम्पादन गरिएका कार्यहरुमा शतप्रतिशत भौतिक र आर्थिक सफलता हासिल गरेको जानकारी गराउँदै समाजका सबै वर्गहरूको अधिकार संरक्षण गर्न अथक र निरन्तर प्रयास जारी राख्नुपर्ने कुरामा जोड दिनुभयो ।

डिल्लीराम लम्साल
सूचना अधिकारी

☎ फोन नं. : ०२१-५९०९९३, ५१२९३१, ५११९०० चाँदनी चोक विराटनगर
☎ Phone: 021-590993, 512931, 511100 Chandani Chowk, Biratnagar
✉ :nhrcbrt@nhrcnepal.org 🌐 :www.koshi.nhrcnepal.org f: http://www.facebook.com/nhrckoshi